शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

वर्ष: ९ | अङ्क : ६ | २०७९ चैत ३ गते शुक्रबार | 17 Mar. 2023, Friday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५/-

**विश्व उपभोक्ता अधिकार दिवस भव्यरुपमा मनाऔं**

स्वच्छ उर्जा फार्मत उपभोक्ता सशक्तिकरण नाराका साथ विश्व उपभोक्ता अधिकार दिवस मनाऔं । उपभोक्ता स्वच्छ र गुणस्तरीय वस्तु वा सेवा उपभोग अधिकारको सुनिश्चित गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**



## आईसिसि विश्वकप लिग २ मा नेपाललाई मौसमको साथ

# यूएईलाई हराउँदै पुग्यो विश्वकपको ग्लोबल छनोटमा

काठमाडौं, २ चैत।

आईसीसी विश्वकप क्रिकेट लिग २ को त्रिदेशीय एकदिवसीय शृंखलाको अन्तिम खेलमा यूएईलाई डकवर्थ लेविस (डीएल) मेथडमा पराजित गर्दै नेपाल एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा पुगेको छ।

खराब प्रकाशका कारण ४४ ओभरमा रोकिएको खेलमा नेपालले डीएल मेथडमा पाएको दुई सय ६७ रनको लक्ष्यभन्दा दुई रन धेरै बनाएको थियो। डीएलमेथडमा नेपालले ९ रनको जित निकाल्दै जिम्बाब्वे यात्रा तय गऱ्यो।

नेपालका लागि कुशल भुर्तेलले ३५ बलमा तीन चौका र चार चौकासहित ५० रनको अर्धशतकीय इनिङ खेलेका थिए । यस्तै, भीम सार्की ७६ बलमा ९ चौकासहित ६७ रनको अर्धशतकीय इनिङ खेलेर आउट हुँदा आरिफ शेखले ६२ बलमा दुई चौकासहित ५२ रनको महत्वपूर्ण इनिङ खेले।

यस्तै, गुल्शन झा ५० रनमा अविजित रहँदा दीपेन्द्रसिंह ऐरीले अविजित १० रन बनाएका थिए।

यूएईका लागि जुनेद सिद्धिक्वीले सर्वाधिक तीन, आयान खानले दुई तथा जहुर खानले एक विकेट लिए।

त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको यूएईले ६ विकेट गुमाएर तीन सय १० रनको योगफल तयार गरेको थियो। यूएईका लागि छैटौं नम्बरमा क्रिजमा उत्रिएका आसिफ खानले ४१ बलमा चार चोका र ११ छक्कासहित आक्रमक शतक बनाएर अविजित रहे । आसिफसँग छैटौं विकेटका लागि एक सय ३५ रनको साझेदारी गरेका वृत्या अरविन्दले एक सय ३८ बलमा आठ चौका र दुई छक्कासहित ९४ रनको इनिङ खेले।

त्यसअघि कप्तान मुहम्मद वासिम ४९ बलमा दुई चौका र ६ छक्कासहित ६३ रनको अर्धशतकीय इनिङ खेलेर पभिलियन फर्केका थिए । त्यसबाहेक यूएईका अन्य ब्याटरले उल्लेख्य संख्यामा रन बनाउन सकेनन् । नेपालका लागि दीपेन्द्रसिं ऐरीले आठ ओभरमा १९ रन खर्चेर दुई मेडनसहित दुई विकेट लिए । यस्तै, ललित राजवंशी, सोमपाल कामी र सन्दीप लामिछानेले एक-एक विकट लिए। सन्दीपले १० ओभरमा ८०, सोमपाल कामीले ९ ओभरमा ७४ र गुल्शन झाले ६३ रन खर्चेका थिए।

जितसँगै लिग २ मा तेस्रो बनेको नेपालले जिम्बाब्वेमा हुने विश्वकपको ग्लोबल छनोटमा स्थान बनाएको छ। स्कटल्यान्ड यसअघि नै लिग २ च्याम्पियन बनिसकेको छ भने ओमान दोस्रो भइसकेका छन्। नेपालले दुई खेल अगावै एकदिवसीय मान्यता जोगाइसकेको थियो।

ग्लोबल छनोटमा नेपालले जिम्बाब्वे, नेदरल्यान्ड्स, ओमान र स्कटल्यान्डसँग खेल्ने निश्चित छ भने बाँकी पाँच टिमको टुङ्गो लाग्न बाँकी छ।

# लुम्बिनीमा नयाँ सरकार बनाउने खेल शुरु हुँदै

## चैत ७ मा बोलाइयो प्रदेशसभा बैठक

**गौतमबुद्ध सन्देश**

दाङ, २ चैत।

लुम्बिनी प्रदेशसभा बैठक चैत ७ गतेका लागि सूचना टाँसेर आह्वान गरिएको छ । प्रदेशसभा सचिवालयका सचिव दुर्लभकुमार पुनले बिहीबार सूचना जारी गर्दै चैत ७ गते दिउँसो १ बजेका लागि बैठक आह्वान भएको जानकारी दिएका हुन् । सरकारले प्रदेशसभाका लागि कुनै बिजनेस दिएको छैन। संभवतः केन्द्रीय राजनीतिको असर प्रदेशमा पनि देखिने छ। प्रदेश सभाको कुनै बिजनेश नभएकाले सत्ता समीकरण फेरबदलको प्रयास हुने सम्भावना छ।

गत फागुन १७ गते बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री लीला गिरीको सरकारलाई समर्थन गरेर सरकारमा सहभागी नभएका लोकतान्त्रिक समाजवादी र नागरिक उन्मुक्ति पार्टीले समर्थन फिर्ता लिने तयारी गरिएकोमा दुवै दलले समर्थन फिर्ता लिएनन् । अब हुने बैठकमा माओवादी केन्द्रले नै समर्थन फिर्ता लिने सम्भावना देखिएको छ । पछिल्लो तयारी अनुसार नयाँ सरकार गठन गर्न सरकारलाई समर्थन गरेका माओवादी र जनता समाजवादी पार्टी अग्रसर हुने देखिएको छ।

लुम्बिनी प्रदेशमा कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरी नयाँ सरकारको नेतृत्व लिने तयारीमा छन् । माओवादीले पनि नेतृत्वको दाबी छोडेको छैन् । तर, लुम्बिनीमा यस अघिको शंकर पोखरेल नेतृत्वको सरकार विघटन गरी कांग्रेस माओवादीको नेतृत्वमा आलोपालो सरकारको नेतृत्व गर्ने सहमतिमा सरकार गठन गरे पनि माओवादीले नेतृत्व हस्तान्तरण नगरेका कारण यस पटक कांग्रेसकै नेतृत्वमै सरकार बन्ने सम्भावना छ।

कांग्रेस संसदीय दलका नेता चौधरीले आफ्नै नेतृत्वमा सरकार गठन गर्ने गरी अनौपचारिक सहमति भइसकेको बताउने गरेका छन् । ८७ सदस्यीय लुम्बिनीमा सरकार जोगाउन ४४ सांसदको समर्थन आवश्यक पर्छ । अहिले एमालेका २९, माओवादीका १०, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीका ४/४, जनमत पार्टी र जसपाका ३/३ र नेकपा एकीकृत समाजवादीका १ प्रदेशसभा सदस्य रहेका दल र २ स्वतन्त्र प्रदेशसभा सदस्यले सरकारलाई समर्थन गरेका छन् । लोसपा, नागरिक उन्मुक्ति र एकीकृत समाजवादी पार्टी सरकारलाई समर्थन गरेर पनि सरकार बाहिरै छन । कांग्रेसका २७, राष्ट्रिय जनमोर्चाका १ प्रदेशसभा सदस्य विपक्षी दलको रुपमा छन् । मुख्यमन्त्रीमा गिरी गत पुस २७ गते नियुक्त भएका थिए । माघ ५ गते मुख्यमन्त्री गिरीले प्रदेशसभामा सहभागी १० दलमध्ये ८ दलका सदस्यबाट ५७ जनाको विश्वासको मत प्राप्त गरेका थिए । एक महिनापछि एमालेका ५, माओवादीका तीन, राप्रपा, जनमत र जसपाका १/१ मन्त्री बनाएका थिए । सत्तारुढ एमालेले केन्द्रमा जे भए पनि प्रदेशमा अस्थिरता आउन नदिन साना दललाई आग्रह गरेको छ।

## सम्पादकीय

# बधाई छ क्रिकेटरहरु

आईसीसी विश्वकप लिग २ को विहिवारको खेल जितेर नेपाल एक दिवशीय विश्वकपको ग्लोबल छनौटमा पुग्न सफल भएको छ। नेपालको प्रतिष्पर्धी युएईको टीमलाई डकवर्थ लेविस मेथडमा पराजित गर्दै नेपालले विश्वकपको यात्रा तय गरेको हो । निर्धारित ५० ओभरको खेलमा पहिला ब्याटिङ्ग रोजेको युएईले निर्धारित ५० ओभरमा ६ विकेट गुमाएर ३ सय १० रन बनाएको थियो। ३ सय ११ रनको लक्ष्य पछ्याउँदै प्रतिष्पर्धामा उत्रिएको नेपालले कीर्तिपुरको घरेलु मैदानमा ४४ ओभरमा ६ विकेट गुमाउँदै २ सय ६९ रन बनायो । मौसममा भएको गडबडीले अध्यारो भएपछि खेल रोक्नुपर्ने अवस्था सिर्जना भयो । डिएल मेथडका आधारमा युएईको ४४ ओभरको स्कोरभन्दा नेपालको स्कोर बढी भएपछि नेपाल बिजयी हुन सफल भयो । ६ ओभर बाँकी हुँदा नेपाललाई ४१ रन आवश्यक थियो, शायद मौसमले साथ दिएको भए त्यो पनि पुरा हुन नसक्ने अवस्था थिएन।

खेलमा हारजित स्वभाविक कुरा हो । तर, विहिवार नेपालको जित नेपाली क्रिकेटको विकासका लागि निकै महत्वपूर्ण रहेको छ । हालै मात्र धेरै सिनियर खेलाडीहरु म्याच फिक्सिङ्गमा परेको, नेपाल क्रिकेट संघको भूमिका विवादास्पद बनिरहेको र खेलाडीहरुलाई उचित अवसर नभएको अवस्थामा खेलाडीले गरेको उत्कृष्ठ प्रदर्शनले उनीहरुको क्यारियर मात्र अघि बढाउँदैन, देशको शीर उँचो पारिदिन्छ। हालै यु १९ क्रिकेटमा भएको सफलता पछि विश्वकप लिग २ मा थप अर्को सफलता थपिएको छ। यसका लागि नेपाली खेलाडी बधाईका पात्र छन् । खेल शुरु हुँदै गर्दा प्रधानमन्त्री पुष्पकमल दाहाल पनि मैदानमा पुगेर मनोबल बढाएका थिए। खेल हुँदा पुगेर मात्र हुँदैन, सरकारले खेलाडीलाई नियमित प्रशिक्षण दिनुपर्छ । खेल खेल्दा खेलाडीको आत्मबल बढ्नका लागि राम्रो पारिश्रमिक, राम्रो प्रशिक्षण र अन्य सुविधा आवश्यक पर्छ। नेपालमा क्रिकेटको विकास जुन गतिमा भैरहेको थियो, त्यो हिसावले अझै अगाडि बढीसक्नु पर्ने हो। तर सरकारले आवश्यक सहयोग नगर्ने, खेल क्षेत्रमा क्षमता र योग्यताको कदर नहुने, खेलकुद विकास परिषद तथा क्रिकेट संघमा हुने चरम राजनीति जस्ता कारणले विकासमा बाधा पुगिरहेको छ । युएईजस्तो टीमलाई हराउन सक्ने नेपाली खेलाडीको मिहिनेत, प्रशिक्षकलगायत सम्पूर्ण टीम बधाईका पात्र छन् । विश्वकप लिग २ को छनौट चरणमा उत्कृष्ठ प्रदर्शन गरी विश्वकपको यात्रा तय गर्ने सामर्थ्य खेलाडीमा हुन सकोस्, शुभकामना।

# रुस–युक्रेन युद्धको मारमा एक वर्ष



विश्वनाथ खरेल




सन् २०२२ फेब्रुअरी २४ तारिख अघिदेखि चलिरहेको रुस-युक्रेनबीचको युद्धले यतिबेला एक वर्षको समय पार गरिसकेको छ । यसले विश्वभर चासो र चिन्ताको अवस्था सिर्जना गरेको छ । यसरी रसिया र युक्रेन पेट्रोलियम र ग्याँसमा आधारित अर्थतन्त्र भएका देशहरू हुन् । यस्ता खालका अर्थतन्त्र भएका राष्ट्रमा केही अप्ठेरो गतिविधि भयो भने विश्वव्यापी रूपमा असर पर्छ।

यसका लागि गतिलो उदाहरण सन् १९७३ मा अरब देशहरू र सन् १९७९ मा इरानमा यस्तै खालको समस्या आउँदा ग्लोबल सक देखा परेको थियो । जबकि ती राष्ट्रहरू साना थिए । तिनले विश्व अर्थतन्त्रमा पुऱ्याउने योगदान सानो अर्थात् १ प्रतिशत पनि थिएन। यसबाट के थाहा हुन्छ भने पेट्रोलियम र ग्याँसमा आधारित अर्थतन्त्र भएका देशमा आएको समस्याले छिटो र धेरै प्रभाव पार्छ। यो युद्धले अशान्तिको अवस्था सिर्जना गर्नेमात्र नभई आर्थिक रूपमा पनि कमजोर बनाउँछ।

मूलतः युरोपेली राष्ट्र युक्रेनमा रुसले आक्रमण गर्दा नेपालजस्तो विकासशील तेस्रो मुलुकसम्म युद्धका असर नपर्ला भन्न सकिन्न । हाम्रो जस्तो सानो देशले खासगरी युक्रेन र रुस दुवै राष्ट्रसँग व्यापार गर्ने भएकाले पनि नेपाली अर्थतन्त्रमा प्रभाव परेको हो । यद्यपि रुस र युक्रेनबीचको यो युद्ध कहिले टुंगिन्छ भन्ने कुनै संकेत नहुँदा सम्भावित परिणामका लागि पूर्वतयारी गर्नुपर्ने देखिन्छ।

अहिलेको स्थितिमा सरसर्ती हेर्ने हो भने यो लडाइँको असर नेपालको भान्सासम्म नै आइपुग्न थालिसकेको छ। यसर्थ नेपाल र युक्रेनबीचको सीधा व्यापारिक सम्बन्ध खाद्यान्न र खाने तेलका लागि युक्रेनसँगै निर्भर रहनुपरेको अवस्था छ। त्यसो त विगत वर्षमा आयात व्यापारमा युक्रेन नेपाललाई सबैभन्दा धेरै वस्तु पठाउने मुलुकको सूचीमा छैटौं स्थानमा थियो।

तसर्थ अघिल्लो आर्थिक वर्षको पहिलो सात महिनाको तथ्यांक हेर्ने हो भने पनि स्थितिमा खासै परिवर्तन आएको छैन। अहिले देशका व्यापार साझेदारहरूको सूचीमा युक्रेन आठौं स्थानमा रहेको छ, जुन युक्रेनबाट विभिन्न औद्योगिक कच्चा पदार्थ आयात हुने गरेको छ। अतः एक वर्ष अगाडिदेखि युक्रेनमाथि रुसी आक्रमणले त्यहाँको निकासी व्यापार प्रभावित हुँदा देशमा पनि औद्योगिक कच्चा पदार्थको मूल्य बढेको देखिन्छ।

मुलुक विगत दुई वर्ष अगाडिदेखि कोभिडको कहर पार हाल तेस्रो लहर पनि सकिएर अहिले अर्थतन्त्रको सुधारको चरणमा जाने स्थितिमा रहेको छ । फलतः देशमा बिस्तारै सेवा तथा वस्तु बजारमा माग बढ्दै गएको छ। जब माग बढ्दै जान्छ तब मूल्य पनि बढ्दै जानु स्वाभाविक हो। भारतमा पनि भर्खरै एउटा प्रक्षेपण गरिएको छ, आगामी तीन महिनामा मुद्रास्फीति बढ्छ भनिएको छ। जबकि हाम्रो देशमा पनि छिमेकी देश भारतमा परेको असर तुरुन्त पर्ने स्थिति छ । मुलुकमा हुने ६० प्रतिशतको हाराहारीमा आर्थिक गतिविधि भारतीय बजारमा निर्भर हुन्छ । यसर्थ भारतमा मूल्यवृद्धि भए पनि त्यसको असर हाम्रो देशको बजारमा नपर्ने भन्ने कुरा हुँदैन । हामीले डलर खरिद गरेर भारतीय रुपैयाँ किनेर कतिपय कच्चा पदार्थ किन्ने गरिएको छ।

त्यसरी नै सनफ्लावर, पाम आयलसम्म पनि कच्चा पदार्थ युक्रेनबाट ल्याउने गरिएको छ, जुन विश्वव्यापी मागको एकतिहाइ गहुँको माग दुई मुलुकले मात्रै आपूर्ति गर्ने गरेका छन् । यो अवस्था कहिलेसम्म रहन्छ भन्न सकिने अवस्था नभएकाले बजार नियन्त्रण गर्ने नेपाल राष्ट्र बैंक र अर्थमन्त्रालयको बीच प्रभावकारी समन्वय हुनुपर्छ । हाल देशमा खाद्यान्नलगायत पेट्रोलियम पदार्थको भाउ क्रमशः बढ्ने क्रम तीव्र रूपमा भइरहेको छ। देशको मुद्रास्फीति ५.६५ प्रतिशत त अहिले पनि छ । यसर्थ वर्षको अन्त्यसम्म विविध कारणले गर्दा मुद्रास्फीति दोहोरो अंकको हुन सक्ने बलियो सम्भावना सम्बन्धित क्षेत्रका विज्ञहरूको भनाइ रहेको पाइन्छ।

विश्वमा एक वर्षयता सन् १९९१ अघि शीतयुद्धजस्तै विश्व दुई ध्रुवमा विभाजित थियो। यसरी नै रुस-युक्रेन युद्धको आर्थिक असर युरोपमा मात्र नभएर पूरै विश्व तथा दक्षिण एसिया हुँदै नेपालसम्म आइपुगेको छ । यसै क्रममा हेर्ने हो भने रुसको रक्षा खर्च बढेर यो वर्ष १ खर्ब ३२ अर्ब १० करोड अमेरिकी डलर पुगेको छ, जसका कारण विश्वमा ग्याँस र तेलको मूल्य बढेको छ । समाचार संस्था रोयटर्सका अनुसार युद्धमा ४२ हजार २ सयभन्दा बढी मानिस मारिएका छन्, ५६ हजारभन्दा बढी घाइते भएका छन् भने कम्तीमा १५ हजार मानिस हराएका छन् ।

करिब १ करोड ४० लाख मानिस विस्थापित भएका छन् । करिब ३ खर्ब ५० अर्ब अमेरिकी डलरभन्दा बढी सम्पत्ति ध्वस्त भएको छ। त्यसरी नै फोर्ब्सले तयार गरेको तथ्यांकअनुसार अवलोकन गर्ने हो भने पनि रुसले युक्रेनसँगको युद्धमा गत वर्ष ८२ अर्ब अमेरिकी डलर खर्च गरिसकेको थियो । यो रुसको वार्षिक बजेटको एकचौथाइ हो । ठूलठूला हतियार आर्टिलरी आपूर्तिमा मात्रै रुसले साढे पाँच अर्ब डलर खर्च गरेको छ । यसमा रुसले ४ हजारभन्दा बढी मिसाइल हानेको छ । एक मिसाइलको खर्च मात्रै औसत ३० लाख डलर रहेके अनुमान छ।

समग्रमा भन्नुपर्दा युद्ध अझै जारी छ र यो कसरी टुंगिएला भन्ने अझै यकिन छैन । यो एक वर्षका लागि यहाँ गरिएको विश्लेषण युद्धको बाँकी अवधिबारे प्रक्षेपण गर्न अनुपयोगी पनि ठहर्न सक्नेछ। तर, त्यो भूभागमध्ये क्राइमिया पूरै अनि डोनेस्क र लुहान्स्कको ठूलो हिस्सा सन् २०१४ देखि नै रुसको वा ऊ समर्थित मिलिसियाको नियन्त्रणमा थिए। त्यसैले सिंगो सैन्य शक्ति लगाउँदा पनि यो एक वर्षमा रुसले युक्रेनको असाध्य सानो थप भूभाग मात्रै कब्जा गर्न सकेको छ। त्यति उपलब्धिका लागि उसले प्रयोग गरेको र नष्ट भएका हातहतियारबारे रुस र युक्रेनका आ-आफ्नै दाबी छन्।

मूलतः कुनै बेला चीनको हाराहारी र केही सैन्य प्रविधिमा चीनभन्दा अघि रहेको मानिने रुसले मध्य-एसियाको ठूलो भूभागलाई आफ्नो प्रभाव क्षेत्र मान्थ्यो र त्यहाँ उसको चीनसित प्रतिस्पर्धा थियो । तर अब त्यहाँका धेरै देशमा उसको साख र प्रभाव दुवै गुमेको छ। यसरी रुस र युक्रेनको यो दुर्घटनाबाट नेपालले पनि पाठ सिक्नुपर्छ। खासगरी नेपाली भान्सामा प्रयोग हुने सूर्यमुखी तेल, इलेक्ट्रोनिक सामग्री र पेट्रोलियम पदार्थ रुस र युक्रेनले अन्य देशहरूमा आपूर्ति गर्छन् ।

त्यसैगरी खाद्यान्नमा रसिया गहुँ र युक्रेन मकै निर्यातमा अग्रस्थानमा छन् । यो युद्धका कारण नेपालले केकति आर्थिक क्षति बेहोर्नुपर्छ भन्ने यकिन विवरण त आइसकेको छैन, तर युक्रेनबाट वार्षिक २० अर्बभन्दा बढी र रुसबाट वार्षिक ११ अर्बभन्दा बढीको वस्तु नेपाल आयात हुँदै आएको छ। यसमा खासगरी खाने तेल र पेट्रोलियम पदार्थको मूल्यवृद्धिको असर देशले पनि भोग्नुपर्नेछ । यसमा पेट्रोलियम पदार्थको मूल्य बढ्नु भनेको सबै उपभोग्य वस्तुको मूल्य बढ्नु हो।

यसैगरी युक्रेन र रुसबीचको भौगोलिक अवस्था र जनस्तरको सम्बन्ध जेजस्तो छ, त्योभन्दा पनि संवेदनशील अवस्था नेपाल र भारतबीच छ। जबसम्म मुलुकमा उद्योग र उत्पादनहरू बढ्दैनन् तबसम्म विश्व बजारमा हुने यस्ता खालका हलचलले राष्ट्रलाई धेरै असर पार्ने गरेको हुन्छ । फलतः आफ्नो राष्ट्रमा उत्पादन भएपछि जतिसुकै मूल्य पुगे पनि खरिद गर्नुको अन्य विकल्प केही छैन । यसरी नै रुस र युक्रेनको युद्ध अझै केही दिनसम्म लम्बिने जस्तो देखिन्छ।

किनकि हालसम्म वार्ता हुने संकेत भने देखिएको छैन। यसका साथसाथै पेट्रोलियम पदार्थमा पछिल्लो समय इरानले केही सहयोग गर्ने भनिए पनि मूल्य बढ्दै आयो । यसरी सबै मालवस्तुको मूल्य बढ्दै जाने हो भने चालू वर्षमा १० प्रतिशत मुद्रास्फीति पुग्ने देखिन्छ । यी विविध कारणले गर्दा अमेरिकी डलरको भाउ लगातार बढेको छ । यसरी नै रुस र युक्रेनको युद्धले डलरको भाउ अझै अकासिने पक्का छ। जब विश्व बजारमा हलचल आउँछ, सुन तथा डलर किन्ने होडबाजी चल्छ । विश्व बजारमै डलरलाई सुरक्षित मुद्राको रूपमा लिने गरिएको छ।

बजारमा अत्यधिक माग भएपछि डलरको भाउ अवश्य माथि जाने नै भयो । यसमा पनि मुख्य गरी डलर, पेट्रोलियम, खाने तेल, खाद्यान्नको भाउमाथि जान्छ । यसले गर्दा प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै रूपमा यी राष्ट्रको युद्धले नेपाललाई असर गर्छ । नेपाल कृषिप्रधान देश भनिए पनि खाद्यान्नको आयात ठूलो मात्रामा हुने गरेको छ । खासगरीकन युक्रेन संकटको असर तत्काल सुन, पेट्रोलियम पदार्थ र खाने तेलमा पर्ने देखिन्छ । अतः सुन र कच्चा तेलको मूल्य संसारभर नै अकासिन थालिसकेको छ। यी दुवै वस्तु अन्तर्राष्ट्रिय बजारका सबैभन्दा महत्वपूर्ण हुन्।

नेपाली उत्पादनको निर्यात नगन्य भए पनि तत्काल आयात प्रतिस्थापनको विकल्प नहुँदा समस्या देखिन्छ। खासगरी युक्रेनबाट आउने खाने तेल, केराउ, टेलिफोन र मोबाइलका उपकरण एवं तयारी कपडा तथा मुलुकबाट निर्यात हुने कार्पेट, चिया र चित्रकलाको व्यापारमा समस्या आउने देखिन्छ, जुन पेट्रोलियम पदार्थमा हुने मूल्यवृद्धिले ढुवानी, कृषि उत्पादन र औद्योगिक उत्पादनमा प्रभाव पार्ने भएकाले पनि यसको विकल्पका लागि समयमै ध्यान दिनु आवश्यक छ। आत्मनिर्भर अर्थतन्त्रका लागि कम्तीमा आधारभूत कृषि वस्तुमा उत्पादन वृद्धिको विकल्प छैन भन्ने पनि यसले पाठ पढाएको जानकारहरू बताउँछन्।

कारोबारबाट

# रुपन्देहीका ७ क्याम्पसमा मात्रै स्ववियु चुनाव

## बुटवल बहुमुखीमा ६ संगठनको प्रतिस्पर्धा, भैरहवामा अनिश्चित



**गौतमबुद्ध सन्देश**
बुटवल, २ चैत।

रुपन्देहीमा त्रिविका ४ आंगिक र १३ सामुदायिक गरी १७ क्याम्पस रहेकामा ७ वटामा मात्रै स्वतन्त्र विद्यार्थी युनियनको चुनाव हुने भएको छ। ६ वटा क्याम्पसमा विद्यार्थी संगठनहरुले विभिन्न बहानामा तालाबन्दी गरेकाले चुनाव स्थगित भएको छ। बुटवलका कालिका, सैनामैनाको पर्रोहा बहुमुखी, तिलोत्तमाको पशुपति र शंकरनगरको दुर्गादत्त गरी ४ वटा नयाँ क्याम्पसमा विद्यार्थी संगठनहरु क्रियाशील नभएकाले चुनावका लागि संगठन नै दर्ता भएका छैनन्। बुटवलका लुम्बिनी वाणिज्य र सिद्धार्थ गौतम तथा तिलोत्तमाको राममणिमा निर्वाचन अधिकृतको कार्यालयमा ताला लागेको छ।

तिलोत्तमाकै सरस्वती संस्कृत तथा भैरहवाको भैरहवा बहुमुखी र रुपन्देही क्याम्पसमा पनि विद्यार्थी संगठनहरुबीच विवादका कारण चुनाव अनिश्चित बनेको छ। 'विभिन्न निहुँमा विपक्षी संगठनहरु मिलेर ताला लगाएर चुनाव नहुने अवस्था भएको छ' अनेरास्ववियू रुपन्देही अध्यक्ष शेषकान्त पोखरेलले भने।

चुनाव हुने क्याम्पसहरुमा बुटवलको बुटवल बहुमुखी, देवदहको देवदह आदर्श, कन्चन गाउँपालिकाको हरैया बहुमुखी, ओमसतियाको पक्लिहवा कृषि क्याम्पस, शुद्धोधनको यज्ञोदय दुधनाथ, सैनामैनाको शहीद नारायण पोखरेल र सियारीको छपिया जनता कलेज रहेका छन्।

चुनाव हुनेमध्ये धेरैको चासो लुम्बिनी प्रदेशकै सबैभन्दा धेरै ७ हजार १ सय ११ जना मतदाता भएको बुटवल बहुमुखी क्याम्पसमा केन्द्रित छ।

यो क्याम्पसमा १४ वर्षयता स्ववियू चुनाव हुन सकेको छैन। २०७३ मा हुने चुनाव हुने भनिए पनि अन्तिममा आएर स्थगित भएको थियो।

२०४५ सालदेखि नै एमाले निकट अनेरास्ववियुले जित्दै आएको यो क्याम्पसमा यसपटक पनि अनेरास्ववियु आफ्नो पुरानो विरासत जोगाउने दाउमा छ। यहाँ नेपाल विद्यार्थी संघ, माओवादी केन्द्र निकट अखिल क्रान्तिकारी, स्वतन्त्र विद्यार्थी समूह, विप्लव नेतृत्वको अखिल क्रान्तिकारी, नेकपा बहुमत निकट विद्यार्थी संगठनहरु प्रतिस्पर्धामा छन्।

राष्ट्रिय जनमोर्चा निकट अखिल छैठौं र एमाले निकट अनेरास्ववियूले तालमेल गरेर प्रतिस्पर्धामा छन्।

यसपटक नेपाल विद्यार्थी संघको जिल्ला नेतृत्वमा शेरबहादुर देउवा र शेखर कोइराला पक्षले अलग-अलग सभापति चयन गरेकाले उक्त संगठनको आन्तरिक गुटबन्दीको फाइदा अन्य संगठनले लिने विश्लेषण गरिएको छ।

चुनाव हुने क्याम्पसहरुमध्ये अधिकांशमा एमाले निकट अखिल र नेपाली कांग्रेस निकट नेविसंघबीच प्रतिस्पर्धा हुने देखिन्छ।

विद्यार्थी संगठनहरु कतै गठबन्धन गरेर त कतै एकल प्रतिस्पर्धा गरेका छन्। पक्लिहवा कृषि क्याम्पसमा अनेरास्ववियू र नेविसंघले तालमेल गरेका छन्।

शहीद नारायण पोखरेल क्याम्पसमा अनेरास्ववियूविरुद्ध नेविसंघ, माओवादी निकट अखिल, विप्लव निकट अखिल र नेकपा एकीकृत समाजवादी निकट अखिलले तालमेल गरेका छन्।

देवदह आदर्शमा नेविसंघ र नेकपा एकीकृत समाजवादी निकट अखिलले तालमेल गरेका छन् भने अनेरास्ववियु र अखिल क्रान्तिकारीले छुट्टाछुट्टै प्रतिस्पर्धा गरेका छन्। हरैया बहुमुखीमा नेविसंघ विरुद्ध एमाले अखिल, जनमत र लोसपा निकट विद्यार्थी संगठनले तालमेल गरेका छन्। यज्ञोदय दुधनाथमा नेविसंघले नागरिक उन्मुक्ति पार्टी निकट विद्यार्थी संगठनसंग तालमेल गरेको छ भने एमाले अखिल अखिल क्रान्तिकारी र राप्रपा निकट विद्यार्थी संगठनसँग मिलेर प्रतिस्पर्धामा छ।

# रातभर नदीजन्य पदार्थको अवैध दोहन



**गौतमबुद्ध सन्देश**
दाङ, २ चैत।

दाङ जिल्लाका विभिन्न खोलामा नदीजन्य पदार्थको अवैध उत्खनन बढेको छ। खोला भरी नदीजन्य वस्तुको अनाधिृकत दोहन गरेर गहिरा खाल्डा बनाइएका छन्। तोकिएको मापदण्ड मिचेर अनाधिकृत दोहन बढिरहेको हो। ठेक्का सम्झौता गरेको भन्दा तल र माथिबाट पनि उत्खनन भइरहेको हो।

शान्तिनगर गाउँपालिकामा पर्ने बहुला खोलामा अहिले यस्तै भएको छ। पालिकाले विष्णुपुर घाटको ३ सय ६० मिटर तलमाथिको उत्खननको ठेक्का लगाएको छ तर ठेक्का लिएको कम्पनीले अनाधिकृत रूपमा जथाभावी उत्खनन गरिरहेको छ। ठेक्का सम्झौता गरेको स्थानभन्दा झन्डै ५/७ मिटर तलदेखि नै उत्खनन भएको स्थानीयले बताएका छन्।

शान्तिनगरको बहुला खोलाको नदीजन्य पदार्थ संकलनका लागि गाउँपालिकाले सनलाइट निर्माण सेवालाई २२ लाखमा ठेक्का दिएको छ। निश्चित क्षेत्र तोकेर सम्झौता गरिए पनि बहुला खोलामा जथाभावी रुपमा उत्खनन् गरिएको छ।

गाउँपालिकाले उत्तरमा खिलतपुर जाने सडक, पूर्वमा जंगपुर, पश्चिममा रातापौरा र दक्षिणमा बाघढुई घाटको बीच भागलाई आधार मानेर ठेक्का दिएको थियो।

गाउँपाालिकाले वडा नम्बर २ मा पर्ने ठाउँमा ठेक्का दिए पनि वडा नम्बर ५ बाट पनि नदीजन्य पदार्थको उत्खनन भएको स्थानीयल बताएका छन्। अहिले त्यस ठेकेदार कम्पनी (सनलाइट निर्माण सेवा) लाई नदीजन्य पदार्थतको उत्खननमा रोक लगाइएको छ।

बहुला खोलामा जथाभावी रूपमा उत्खनन भएको पाइएपछि तत्काललाई उत्खननमा रोक लगाइएको शान्तिनगर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्ली खड्काले बताए। 'ठेक्का लागेको ठाउँभन्दा अन्य ठाउँमा उत्खनन् भएको पाइएपछि अहिले तत्कालालाई रोक लगाइएको छ', उनले भने। 'गहिराई मापदण्डमा छ कि छैन ? नापजाँच गर्न बाँकी रहेको छ।'

उनले अनुगमनका लागि जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरिएको बताए। 'अनुगमन र नापजाँचका लागि प्रशासन र समन्वय समितिलाई जानकारी गराएका छौं', उनले भने।

गाउँपालिकाले अहिलेसम्म दुई ठाउँमा मात्रै नदीजन्य पदार्थको उत्खननको अनुमति दिएको छ। वडा नम्बर २ को बहुला खोला र बबई नदी गरी दुई स्थानमा मात्रै नदीजन्य पदार्थको उत्खननका लागि अनुमतिदिएको प्रमुख प्रशासकीय अधिकृत खड्काले बताए।

'नदीजन्य पदार्थ उत्खनन गर्ने दुई कम्पनीलाई दुई ठाउँमा दिएका छौं', उनले भने। 'बबई नदीमा उत्खनन चलिरहेको छ भने बहुलाखोलामा अहिले स्थगित गरिएको छ।' प्रमुख जिल्ला अधिकारी सुशील वैद्यले बहुला खोलामा जथाभावी रूपमा उत्खनन भएको जानकारीमा आएको बताए। उनले केही दिनमा अनुगमन गरिने बताए।

प्रमुख जिल्ला अधिकारी वैद्यले नदीजन्य पदार्थको अबैध उत्खनन बढ्दै गएको खबरहरू आएको बताए। 'हामीले राजपुर गाउँपालिका र गढवा गाउँपालिकामा पर्ने राप्ती नदीमा पनि अनुगमन गरेका थियौं, ती ठाउँहरूमा पनि जथाभावीरुपमा उत्खनन भएको पाइएको छ', प्रमुख जिल्ला अधिकारी वैद्यले भने।

तर, स्थानीय बासिन्दाले भने प्रशासनकै मिलेमतोमा नदीजन्य पदार्थको उत्खनन हुने गरेको आरोप लगाएका छन्। शान्तिनगरको बहुला खोलामा पनि जथाभावी उत्खनन हुँदा पनि प्रशासन र स्थानीय तह मौन रहेको स्थानीयको आरोप छ।

'खोलामा दिउँसोमा भन्दा रातको समयमा ट्र्याक्टर, टिप्परहरू हुन्छन्, हामीहरूले प्रहरीलाई खबर गर्दा पनि सुने नसुने जस्तो गर्छन्', एकजना स्थानीयले भने। शान्तिनगर-२ का वडा अध्यक्ष सुनील वलीले पनि ठेक्का लागेको ठाउँभन्दा बाहिरबाट उत्खनन भएको स्वीकार गरे। 'मापदण्डभन्दा बाहिर गएर उत्खनन भएको छ, उत्खनन गर्नुपर्ने नीति पनि पालना भएको छैन्, ठेक्का लागेको भन्दा अर्को ठाउँबाट पनि उत्खनन् भएको छ' वडाध्यक्ष वलीले भने। ■

प्रो. विष्णुप्रसाद आचार्य ९८२१४८५६३६
टप इन आवर टाउन रेष्टुरेण्ट
सिद्धार्थनगर-८, अञ्चलपुर, रुपन्देही

लक्की रेष्टुरेण्ट एण्ड लज
l;=g-kf=–*, cGgk0f{fn, e}/xjf
-lzIff sfof{no ckmL; k5f8L_
9857017536 अनुप सिंह रावल
9802543919 राजु रावल
9845518018 दिपेन्द्र पौडेल
हामीकहाँ खाना, नास्ता र बस्नको लागि राम्रो व्यवस्था छ।

प्रो. प्रकाश जङ्ग शाही ९८६६६१९८९, ९८०७५२२०३०
न्यू मनकामना मोटरसाईकल
रि-कन्डीसन शोरुम
सि.न.पा.-८, लुम्बिनीरोड, भैरहवा
हामीकहाँ जुनसुकै कम्पनीका गाडीहरु तुरुन्तै नगदमा खरिद, विक्री तथा सट्टापट्टा गरिन्छ।

प्रो. राधिका मरासिनी मो. ९८४७३१२२१३
राधिका ब्यूटी पार्लर एण्ड कस्मेटिक सेन्टर
ओमसतिया-२, पड्सरी
हामीकहाँ पार्लर सम्बन्धी सम्पूर्ण कामहरु गरिनुका साथै ट्रेनिङ्ग पनि दिइन्छ।

शंकर अर्याल ९८०२६३५१४२
विजय यादव ९८०४४२९३३५
अमृत कुमार भट्टराई ९८५७०१२११२
गौतमबुद्ध अटोमोबाइल्स
पर्साचोक, लुम्बिनी
हामीकहाँ हिरो कम्पनीको सम्पूर्ण मोटरसाइकल, स्कुटर, स्पेयर्स पार्टस् पाउनुको साथै सर्भिस पनि गरिन्छ।

फोन: ०७१-५७०८३८
सिद्धार्थ इन्जिनियरिङ्ग
अञ्चलपुर-९, सिद्धार्थनगर, भैरहवा
हाम्रा सेवाहरु:
केङ्क ग्राइण्डिङ्ग, ब्लकवोरिङ्ग, हेडसिट कटिङ्ग फिटिङ्ग, मेन लाइन बोरिङ्ग साथै इन्जिनियरिङ्ग सम्बन्धीत सम्पूर्ण कार्य कुशल दक्ष कारीगरबाट ग्यारेन्टीका साथ गरिन्छ।

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# सियारीमा ९५ प्रतिशत योजनाको सम्झौता

**गौतमबुद्ध सन्देश**
भैरहवा १ चैत्र।



रुपन्देहीको सियारी गाउँपालिकाले ९५ प्रतिशत योजनाको सम्झौता गरेको छ । गाउँपालिकाको गाउँसभाबाट पारित गरेका योजना मध्ये ९५ प्रीतिशत योजनाको सम्झौता गरी कामको शुरुवात गरिसकेको जनाएको छ। सम्झौता भएका १७८ योजना मध्ये ६० वटा योजनाको निर्माण सम्पन्न भइसकेको योजना शाखा प्रमुख रोमलाल पुरीले जानकारी दिए । सियारीले सडक, नाली, कल्भट, भवन तथा आवास निर्माण, धर्मशाला निर्माण लगाएतका पुर्वाधार निर्माणका काम तिव्र रुपमा अगाडि बढेको योजना शाखा प्रमुख पुरीले जानकारी दिए।

उनले असार मसान्त भित्रै योजनाको निर्माण कार्य सम्पन्न गर्ने गरी काम भईरहेको उल्लेख गर्दै सम्पन्न भएका योजनाको भुत्तानी दिने काम पनि भईरहेको जानकारी दिए।

गाउँपालिकाले पालिका भित्र शुरु भएका बिकास निर्माणका कामको अनुगमनलाई पनि तिव्रता दिएको छ। पालिकाले बिभिन्न उपभोक्ता समुह तथा ठेक्का सम्झौता मार्फत निर्माण वयवसायिले शुरु गरेका बिकास निर्माणका कामको गुणस्तर तथा कामको प्रगतीबारे बुझ्नका लागि अनुगमनलाई तिव्रता दिईएको गाउँपालिका उपाध्यक्ष तथा अनुगमन समिति संयोजक तारा थारुले जानकारी दिईन । उनले गाउँपालिकाले शुरु गरेको योजनाको भुत्तानी गर्नु पुर्व सबै योजनाको अनुगमन गर्ने गरिएको बताउदै समयमै काम नगर्ने तथा गुणस्तरहिन काम गर्ने उपभोत्ता समिति तथा निर्माण व्यवसायिको कुनै पनि रकम भुक्तानी नहुने बताईन । उपाध्यक्ष थारुको संयोजकत्वमा पालिकाका प्रमुख प्रशासकिय अधिकृत रोमनाथ न्यौपाने, योजना शाखा प्रमुख रोमलाल पुरी, आर्थिक प्रशाशन शाखा प्रमुख नारायण प्रसाद पौडेल, सम्बन्धीत बडाका जनप्रतिनिधि लगाएतले निर्माणधिन योजनाको अनुगमन गर्ने गरेका छन् । सियारीमा गाउँपालिका स्तरका १० करोड ७१ लाख ६९ हजार बराबरका तथा वडा स्तरमा ७ करोड २१ लाख बराबरका योजना निर्माणको चरणमा रहेका छन्।

सियारीले सडक निर्माण, कुलो निर्माण, बाध निर्माण, भवन तथा आवास नर्माण, बिद्यालयका भवन निर्माण लगाएतका कामलाई प्राथमिकतामा राखेको जनाएको छ । काम भईरहेका योजना मध्ये ३३ वटा योजनाको पेश्की निकासा भईसकेको तथा ६ वटाको रनिङ वील अगाडि बढेको जनाईएको छ।

# रूपन्देही सुपरलिग: लुम्बिनी खुकुरी विजयी

**गौतमबुद्ध सन्देश**
भैरहवा, चैत्र २।

लुम्बिनी खुकुरी क्रिकेट क्लब भैरहवामा जारी नेपाल टेलिकम रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता अन्तर्गत सुपर फोरको अन्तिम खेलमा विजयी भएको छ। एक खेल अगावै फाइनलमा पुगेको खुकुरीले बिहीबार भएको सुपर फोरको अन्तिम खेलमा तिरुपति क्रिकेट क्लबमाथि १ सय १८ रनको फराकिलो जित निकालेको हो । सुपर फोरमा सबै जित निकाल्न सफल लुम्बिनी खुकुरीले अब शनिबार हुने फाइनलमा वेष्टर्न क्रिकेट क्लबसँग उपाधिका लागि भिड्ने छ।

सिद्धार्थ रंगशालामा भएको खेलमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी खुकुरीले निर्धारित ५० ओभरको खेलमा ४९.२ ओभरमा सबै विकेट गुमाउँदै २ सय ४० रनको उच्च योगफल बनायो । उसका लागि प्रज्वल थापाले शतकीय पारी खेल्दै १ सय १४ रनको योगदान दिए। यस्तै, निश्चल चौधरीले २६, साहब आलमले २४, संदीप रजालीले १३ र धिरज शाहीले १२ रन बनाए। बलिङमा तिरुपतिका तुलबहादुर थापाले ५, वीरेन्द्र मल्लले २, बसिर अहम्मद, विवेक यादव र संदीप मौर्यले समान १-१ विकेट लिए । जवाफी ब्याटिङ गरेको तिरुपति २२.४ ओभरमा सबै विकेटको नोक्सानीमा १ सय २२ रनमा समेटियो र हार व्यहोर्यो । उसलाई सस्तैमा रोक्न लुम्बिनी खुकुरीका अजयकुमार चौहान र इकलाख वारिसले समान ३-३ तथा धिरज शाहीले २ विकेट लिए। तिरुपतिका नन्दलाल चाईले २८, तुलबहादुर थापाले २४, विवेक यादवले १८, बसिर अहम्मदले १४ र अमन गुप्ताले १३ रन बनाए पनि जितका लागि पर्याप्त भएन। खेलमा लुम्बिनी खुकुरीका प्रज्वल थापा म्यान अफ द म्याच भई एक हजार रुपैयाँबाट पुरस्कृत भएको आयोजक संस्था रुपन्देही क्रिकेट संघका उपाध्यक्ष एवं प्रतियोगिता संयोजक धिरज अधिकारीले जनाए । रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको बिजेताले १ लाख रुपैयाँ र ट्रफी तथा उपबिजेताले ५० हजार र ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगितामा म्यान अफ द सिरिजले १५ हजार रुपैयाँ, बेस्ट ब्याट्सम्यान, बेस्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ प्राप्त गर्ने छन्।

कर्मचारी चाहिएमा
जागिर चाहिएमा
रोजगार मुलक तालिम प्रदान
Online फारम भरिन्छ
लोकसेवा आयोग
बैकिङ्ग/संस्थान
नागरिक परिचय पत्र
E-Passport/E-Pan
Driving License
Home Service Available
2D/3D House Design
Interior Decoration
Plumbing/Electrician Service
Engineering/Accountancy Service
Biodata, Thesis, Document Type & Print
TRAINING AVAILABLE
Cashier/Storekeeper
Receptionist/Assistant
Accountant
Barista/Cook etc
Other Training
CAREER COUNCELLING FOR WORK & STUDY ABROAD
PRIME JOB & HOME SOLUTION Pvt. Ltd.
primesolution0614@gmail.com ☎ 9847318555
Bhairahawa, Rupandehi

# राम जानकी मन्दिर को अध्यक्षमा चन्द्रभुवन नाउ

**गौतमबुद्ध सन्देश**
भैरहवा, ३ चैत।

श्री राम जानकी आध्यात्मिक मन्दिर समिति गैडहवा गाउँपालिका वडा नम्बर ५ विष्णुपुरा, गिदहिया, रुपन्देहीको चौथो अधिवेशन बुधबार सम्पन्न भएको छ । मन्दिर परिसरमा सम्पन्न अधिवेशनले पुनः चन्दभुवन नाउको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ।

समितिको उपाध्यक्षमा छेदी अहिर, सचिवमा सन्तु प्रसाद धवल र कोषाध्यक्षमा जयप्रकाश उपाध्याय निर्वाचित भएका छन्। त्यस्तै सदस्यहरुमा भुवाल तेली, राधेश्याम यादव, रामसेवक चौधरी, राम दयाल गुप्ता, शिवनाथ कलवार, ओम प्रकाश दुवे र पदेन सदस्यमा गैडहवा-५ का वडाअध्यक्ष विजय कुमार शर्मा रहेका छन्। त्यस्तै सल्लाहकारमा राजकुमार गुप्ता, कृष्ण शंकर प्रसाद गुप्ता, पशुपति यादव, सुनिल कुमार कुर्मी, राम लखन कुर्मी र काशी केवट रहेका छन्।

श्री राम जानकी आध्यात्मिक मन्दिर समितिका अध्यक्ष चन्द्रभुवन नाउको अध्यक्षता, गैडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलको प्रमुख आतिथ्यता, गैडहवा-५ का वडाअध्यक्ष विजय कुमार शर्माको विशिष्ट आतिथ्यता, गैडहवा-५ का निवर्तमान वडाअध्यक्ष कृष्ण शंकर प्रसाद गुप्ता, मन्दिर समितिका आजीवन सदस्यहरु राजकुमार गुप्ता, राम दयाल गुप्ता, योगेन्द्र धवल, सुनिता गुप्ता, पुनिता गुप्ता लगायतको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको सञ्चालन मन्दिर समितिका सचिव सन्तु प्रसाद धवलले गरेका थिए।

वि.सं. २०३१ सालमा स्थापना भएको श्री राम जानकी आध्यात्मिक मन्दिरलाई धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गर्न समितिले सक्दो प्रयास गरिरहेको पनि सदस्य राम दयाल गुप्ताले बताए । उनले भने, 'रामजानकी मन्दिर आस्था र विश्वासको धरोहर हो।'

# SUNWAL MUNICIPALITY

OFFICE OF MUNICIPAL EXECUTIVE
SUNWAL, NAWALPARASI
LumbiniProvince , Nepal

## Invitation for Bids–(E-bidding only)

**First Date of publication 19st Mar, 2023A.D (5th Chaitra 2079B.S)**

- **Sunwal Municipality Office of Municipal Executive, Sunwal, Nawalparasi** now invites **E-bidding only** from eligible and qualified bidders for the Procurement of the following Projects.

| Contract no. | Name of Project | Estimated Amount Excluding of VAT (Nrs.) | Bid Security Amount, NRs. |
|---|---|---|---|
| 35.SUN/NCB /2079-80 | Devkota Chowk Dekhi Gaidakhaal kalopattra Sadak Marmat Sunwal-10. | 48,74,760.81/- | 1,60,000.00/- |
| 36.SUN/NCB/2079-80 | Mathilo Pratappurko Purano Gaunko Bato Dhalan Sunwal -12. | 10,45,670.34/- | 35,000/- |

- Bid Validity Period = Upto 90 Days after Bid Opening & Bid Security Validity Period = Upto 120 Days after Bid Opening specified as per Bid Document
- Bid Document Fee = Nrs.3000 specified as per Bid Document.
- Eligible bidders must visit PPMO website www.bolpatra.gov.np/egp.toobtain further information and inspect the bidding documents .
- Bidder should submit their **bid** electronically .**Also submission of signed Letter of Bid , along with the copy of company/ firm registration, Business Registration and renew certificate for F.Y 79-80 & Tax clearance certificate up to FY 2078/ 079** and time extension letter must be submitted in case of previous fy clearance .Information to deposit the cost of bidding document in Bank as spefcified below .

| Information for depositing the cost of bidding document | Information for depositing the cost of Bid Security: |
|---|---|
| Name of the Bank: NIC ASIA Bank ,Sunwal Branch (AntarikRajaswoKhata) | Name of the Bank: NIC ASIA Bank ,Sunwal Branch (Deposit Account) |
| Office A/C No. : 0962050028279002 | Office A/C No: 96CA500968524004 |

- Bid Submission Deadline for bid =(2023/04/18 A.D) 2080/01/05B.S 12:00pm& Bid Opening Deadline for bid =(2023/04/18A.D) 2080/01/05 B.S 13:00pm. all as per stated in Bid Document
- Any conditions not covered so far shall be as per FAR 2056 (Latest Revision), Procurement Act 2063, and Procurement Regulation 2064 (fourth amendment).
- Any amendment in this notice shall be pasted on the notice board of the client's office.
- **SunwalMunicipality,Office of Municipal Executive** reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनि**कका लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **कार्यालय प्रमुख ⁄ प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल